नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- ८३६

मिति: २०८१/०९/०४

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री वन्डर्स हाइड्रो प्रा. लि.
हाँडिगाउँ,काठमाडौं, नेपाल ।
फोन नं.: ९८६९०३०३७६ ।
इमेल: wondershydro@outlook.com

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित याङ्देली खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पन्ध्र (१५)** दिनको थप समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८१/०९/०१को निर्णयानुसार जानकारी गराइन्छ ।

१. हाल प्रस्ताव भएको क्षेत्रको पश्चिम तर्फको केही क्षेत्र आवश्यक भन्दा बढि रहेकोले तपसिल बमोजिमको क्षेत्र हुने गरि प्रस्ताव गरी डेस्क स्टडी रिपोर्ट तथा टोपो नक्सामा एक रुपता हुने गरि संरचनाहरु प्रस्ताव गरी तयार गरिएको डेस्क स्टडी रिपोर्ट तथा टोपो नक्सा ।
   Latitude: २७°२२'२३"-२७°२१'२६"  Longitude: ८७°३३'३८"-८७°३१'५५"
२. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
३. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
४. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको विवरणहरु ।
५. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
६. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(आस्था भट्ट)
इन्जिनियर